*Chaitanya Research Journal, Vol. 3, November 2024/ ISSN: 2738-974X*

# नेपाली विषयमा सिकाइ उपलब्धि कम हुनुका कारणहरूको अध्ययन

***उप-प्रा. सरिता बन्जारा***

*चैतन्य बहुमुखी क्याम्पस, काभ्रे, त्रि.वि.*

**लेखसार**

*प्रस्तुत लेख भाषा शिक्षणको प्रयोजनसँग सम्बन्धित रहेको छ । यस लेखमा मिश्रित (गुणात्मक तथा परिमाणात्मक ढाँचा र वर्णनात्मक विधिअन्तर्गत रही क्षेत्रीय अध्ययन विधिको अवलम्बन गरेर नतिजा तयार पारिएको छ । यो अध्ययन बनेपा नगरपालिकाका सामुदायिक तथा संस्थागत विद्यालयका माध्यमिक तहमा अध्यापनरत १० शिक्षक र अध्ययनरत १० विद्यार्थीमा सीमित रही शैक्षणिक गतिविधिमा केन्द्रित रहेको छ । नमुनाका रूपमा लिइएका शिक्षक र विद्यार्थीहरूबाट प्रश्नावलीका माध्यमद्वारा तथ्याङ्क सङ्कलन गरी नेपाली विषयमा सिकाइ उपलब्धि कम हुनुका कारणहरू पहिचान र विश्लेषण गरी निष्कर्ष निकालिएको छ । प्राप्त तथ्याङ्कका आधारमा नेपाली विषयको सिकाइ उपलब्धिमा प्रभाव पार्ने प्रमुख कारकमा विद्यार्थीको रुचि रहेको पाइएको छ किनकि रुचि विना गरिएको काम फलदायी हुँदैन । शिक्षकले जतिसुकै उपयुक्त तथा प्रभावकारी तरिका अपनाएर शिक्षण गरे तापनि विद्यार्थीले भाषिक ज्ञानलाई ग्रहण गर्ने इच्छा नराख्दा शिक्षकको मिहेनत बालुवामा पानी खन्याएझैँ हुन पुग्छ । त्यस्तै नियमित गृहकार्य गरे तापनि गृहकार्यको स्रोत साथी वा गुगल अथवा कुनै सामाजिक सञ्जाल बनाइनु, शिक्षकले पनि नियमित रूपमा योजना निर्माण गरेर विद्यार्थीका इच्छा र आवश्यकता अनुरूप शिक्षण नगर्नु, नेपाली विषयको कापी परीक्षण गर्दा राम्रो र सही उत्तर लेखेमा पनि शतप्रतिशत अङ्क दिने चलन नहुनु, नम्बर दिनुपर्छ भन्नेहरू पनि स्पष्टीकरणको झमेलामा पर्न नचाहनु, भविष्यमा कम प्रयोग हुने विषय ठानी अभिभावक, प्रसासक अनि विद्यार्थीले पनि अन्य विषयका तुलनामा नेपाली विषयलाई कम महत्त्व दिनु यी विभिन्न कारणहरू पाइएका छन् । यस अध्ययनबाट प्राप्त नतिजा नेपाली भाषा अध्येता, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय प्रसासक लगायत शिक्षा क्षेत्रमा आबद्ध नेपाली भाषाप्रेमी सम्पूर्ण व्यक्तित्त्वहरूका लागि उपयोगी हुने अपेक्षा राखिएको छ ।*

**शब्दकुञ्जी :** उपलब्धि, भाषा शिक्षण, भाषिक सिप, परीक्षा, विद्यार्थी, सिकाइ

## विषयप्रवेश

“नेपाली भाषा भारोपेली भाषा परिवारअन्तर्गत संस्कृतभाषाको शतम् वर्गको आर्य-इरानेली साखाबाट प्राकृत हुँदै खस अपभ्रंशबाट उत्पत्ति भएको भाषा हो” (ढकाल, २०६६, पृ. ३४१) । इसाको ११ औँ शताब्दीबाट विकसित भएको नेपाली भाषाको सर्वप्राचीन लेख (पूर्णप्रकाश नेपाल यात्रीको

अध्ययनअनुसार) वि.स. १०३८ को दामुपालको दुल्लु अभिलेखलाई मानिन्छ । एघारौँ शताब्दीमा नागराजले खस राज्यको स्थापना गरेका र उनले आफ्नो राजधानी कर्णाली अञ्चलको सिँजालाई बनाई नेपाली भाषालाई राजभाषा बनाएपश्चात् नेपाली भाषाले विस्तारित हुने प्रशस्त अवसर पाएको देखिन्छ । सुरुवाती विन्दु सिँजा भए पनि हाल आएर नेपाली भाषा नेपालका बहुसङ्ख्यक जनताको प्रमुख भाषा, अन्य मातृभाषीहरूका लागि सम्पर्क भाषा बन्दै व्यापकताका दृष्टिले भारत, भुटान, बर्मा, अमेरिका, अस्ट्रेलिया लगायतका विश्वका धेरै देशहरू जहाँ नेपालीहरूको बसोवास रहेको छ, ती देशहरूमा फैलिरहेको छ ।

साहित्यिक हिसाबले पनि समृद्ध मानिएको यस भाषा विद्यालयदेखि विश्वविद्यालय तहमा पनि अनिवार्य तथा ऐच्छिक विषयका रूपमा पठनपाठन हुँदै प्रशस्त अध्ययन अनुसन्धानसमेत भइरहेका छन् । यसरी देश तथा विदेशमा प्रयोग गरिँदै आएको आम नेपालीले सम्पर्क भाषाका रूपमा प्रयोग गर्दै आएको, शिक्षा, सञ्चार, औपचारिक सभा सम्मेलन आदि सन्दर्भमा व्यापक प्रयोग हुँदै आइरहेको यस भाषाको वर्तमान समयमा देखिएको कक्षा ११/ १२ तथा एसइई परीक्षामा सामेल भएका विद्यार्थीहरूको नतिजाका आधारमा नेपाली भाषा सामान्य बुझाइमा जति सरल देखिन्छ प्रयोग व्यवहारमा त्यति नै सरल नमानिएको देखिन्छ । “वि.सं. २०७२ सालको एसइई परीक्षामा सम्मिलित चार लाखभन्दा बढी विद्यार्थीमध्ये नेपाली विषयमा ए+ ग्रेड ल्याउने ६३ जना मात्र छन् । त्यस्तै २०७३ को परीक्षा दिएका साढे चार लाखमध्ये १८१ जनाले मात्र ए+ ग्रेड ल्याउन सकेका छन्” (खरेल, २०७५,शिक्षक मासिक, फागुन अंक) । यसैगरी “वि.सं. २०८० सालको एसइई परीक्षामा सम्मिलित चार लाख चौँसट्ठी हजार सातसय पचासी विद्यार्थीमध्ये १८६ जनाले नेपाली विषयमा ए+ ल्याएका थिए ९धधधाकभभानयखालउ, द्द्ण्डज्ञ० । यस तथ्याङ्कले विद्यालय तहमा हाम्रो भाषा सिकाइको स्तरका सम्बन्धमा प्रश्नचिह्न खडा गरेको छ । माध्यमिक तहमा विद्यार्थीको सिकाइ उपलब्धि कम देखिनुमा शिक्षकद्वारा शिक्षणका क्रममा गरिएका गतिविधिका साथै विद्यार्थीका विषयवस्तुप्रतिको रुचि अनि सिकाइका सिलसिलामा उनीहरूले गर्ने गतिविधि पनि कारक हुन सक्ने हुँदा यस अध्ययनमा शिक्षक र विद्यार्थीका गतिविधि सम्बन्धी अध्ययन गरी उपलब्धि कम हुनुका कारण खोजिएको छ ।

सामान्य बुझाइमा सरल देखिए पनि विद्यालय तह (एसइई) को नतिजामा नेपाली विषयमा उच्चतम ग्रेड ल्याउने विद्यार्थीको सङ्ख्या भने अन्य विषयका तुलनामा सन्तोषजनक नभएको देखिन्छ । वर्तमान समयमा विगतका झैँ उपलब्धि निरासाजनक नभए तापनि अन्य विषयका तुलनामा नेपाली भाषाको उपलब्धि कम सन्तोषजनक पाइन्छ । परीक्षामा सफल हुने विद्यार्थीलाई नै पनि जन्मैदेखि बोल्दै र सुन्दै आएको नेपाली भाषामा सामान्य व्यावहारिक कार्य (चिठी, समवेदना, शुभकामना, निमन्त्रणँ) लेखाइ) गर्न

तथा परिवेसानुकूल शुद्ध भाषाको प्रयोग गरी आफ्ना अभिव्यक्ति दिनसम्म पनि कठिन परेको देखिन्छ । यसमा विषयवस्तु गौण र भाषिक सीप प्रमुख हुनुपर्ने हुन्छ । “यिनै सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता आधारभूत सिपहरूमा दक्षता प्राप्त गराई भाषाको ग्रहण र अभिव्यक्ति कलामा निपुणता हासिल गराउनुमा नै भाषा शिक्षण केन्द्रित हुन्छ” (पौडेल, २०७६, पृ.३) । उपर्युक्त कथनका आधारमा भाषा शिक्षण भाषिक सीपमा दक्ष बनाई व्यवहारमा प्रयोग गर्न सक्षम बनाउनमा केन्द्रित हुनुपर्छ ।

करिब तीन हजार वर्ष पहिलादेखि प्रयोग हुँदै आएको देवनागरी लिपिमा नेपाली भाषा लेखिन्छ । यस लिपिका सबै वर्णहरू नेपाली जनजिब्रोमा प्रयोग हुँदैनन् । उच्चारणमा प्रयोग नहुने ञ, ण, ष, श, क्ष, त्र, ज्ञ व्यञ्जन र ई, ऊ, ऐ, औ, ऋ जस्ता स्वर वर्णहरू लेख्य भाषामा मात्र पाइनुले नेपाली भाषामा थप जटिलता थपेको छ । साथै एउटै वर्णका जस्तै : र /ॅ/च /ृ/ ॅ, स्र/श्र, ज्ञ/ग्य... आदि बहुरूप प्रयोग हुनुले पनि भाषालाई जटिल बनाएको छ (थापा, २०७१, पृ. १७४) ।

नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा, शिक्षा तथा सञ्चारको भाषा, कूल जनसङ्ख्याको ४४.६ प्रतिशत (जनगणना : २०७८) ले मातृभाषाका रूपमा प्रयोग गर्ने तथा विद्यालय तहदेखि उच्च तहसम्म पठनपाठनको व्यवस्था भएको, अध्ययन अनुसन्धानका साथै साहित्यिक दृष्टिले अत्यन्तै समृद्ध देशको प्रमुख भाषाका रूपमा रहेको भाषा हो । " नेपाल अधिराज्यको संविधान २०१५ को धारा ७० मा नेपाली भाषालाई राष्ट्रभाषाको मान्यता दिइयो ( भण्डारी र पौडेल, २०७३, पृ. ७३) । यस भाषालाई शिक्षा क्षेत्रमा पाठ्यविषयको मान्यता दिएपछि क्रमशः विद्यालय तहदेखि उच्च तहसम्म अनिवार्य तथा ऐच्छिक विषयका रूपमा पठनपाठन गरिँदै आएको छ । सामान्य जनमानसको बुझाइअनुसार सजिलो विषय मानिँदै आएको नेपाली भाषाको उपलब्धि भने अन्य विषयका तुलनामा कम देखिन्छ । प्रायः सबैका नजरले सहज देखेको नेपाली विषयमा सिकाइ उपलब्धि कम आए पनि सो सम्बन्धमा अध्ययन अनुसन्धान भने पर्याप्त नभएको देखिन्छ । यस अध्ययन माध्यमिक तहका शिक्षकले अपनाउने शिक्षण विधि, अध्यापन योजना, अभिभावक सम्पर्क तथा विद्यार्थीसँग सम्बन्धित भई अन्य विषयका तुलनामा नेपाली विषयको सिकाइ उपलब्धि कम हुनुका कारणहरूको के के हुन् ? भन्ने समस्यामा केन्द्रित गरिएको छ ।

नेपाली भाषामा सिकाइ उपलब्धि कम हुनुका कारणहरूको पहिचान गर्ने उद्देश्य राखी क्षेत्रीय अध्ययनविधि प्रयोग गरिएको छ । सतही रूपमा हेर्दा देखिने कुरा र गहिराइमा पुगेर गहन अध्यनपश्चात् पत्ता लाग्ने वस्तुगत तथ्य फरक हुने हुँदा पूर्व अध्ययन र अनुसन्धान गरी पत्ता लागेका साथै आम आँखाले देख्ने र जिब्रोले बोल्ने गरेका व्यावहारिक पाठ्यक्रम नहुनु, पाठ्यक्रमगत समस्या, पाठ्यपुस्तकमा

समावेश गरिएका विषयवस्तुको क्षेत्र र क्रम, अभ्यासगत अव्यावहारिकताका समस्या, पद्धतिगत समस्या, मातृभाषागत समस्या जस्ता अनेक नीति, पाठ्यक्रम, पाठ्यपुस्तक, समसामयिकता तथा पाठ्यपुस्तकमा समावेश गरिएका अभ्यासहरूमा पनि उपलब्धि कम हुनु, शिक्षक र विद्यार्थीसँग सम्बन्धित अध्ययनको अपर्याप्तता हुनु जस्ता शिक्षण र सिकाइका क्रममा गरिएका गतिविधिलाई केन्द्रमा राखी नेपाली विषयमा सिकाइ उपलब्धि कम हुनुका कारणहरू पत्ता लगाइएको छ ।

**अध्ययन विधि तथा प्रक्रिया**

स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्कलाई सङ्ख्यात्मक (प्रतिशतमा) रूपमा प्रस्तुत गरी उक्त तथ्याङ्कलाई शब्दात्मक विश्लेषण समेत गरिएको छ । मिश्रित वर्णनात्मक ढाँचाअन्तर्गत रही क्षेत्रीय अध्ययन विधिको अवलम्बन गरेर तयार पारिएको यस लेखमा बनेपा नगरपालिका भित्रका संस्थागत ३९ र सामुदायिक ३१ गरी जम्मा ७० (धामी, २०७७ : ९) विद्यालयमध्ये सम्भावना नमुना छनोट विधिद्वारा नमुनाका रूपमा छनोट गरिएका विद्यालयबाट माध्यमिक तहमा अध्यापनरत १० (सामुदायिक र संस्थागत विद्यालयका ५/५) शिक्षक र सोही विद्यालयहरूमा अध्ययनरत १० (सामुदायिक र संस्थागत विद्यालयका ५/५ ) जना विद्यार्थीलाई नमुनाका रूपमा लिई प्रश्नावलीका माध्यमद्वारा तथ्याङ्क सङ्कलन गरी नेपाली विषयमा सिकाइ उपलब्धि कम हुनुका कारणहरू पहिचान र विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

**नतिजा तथा छलफल**

नेपाली बृहत् शब्दकोश (२०७२) का अनुसार सिकाइ भनेको सिक्ने भाव, क्रिया वा प्रक्रिया हो भने उपलब्धि भनेको १. उपलब्ध हुने अवस्था, क्रिया वा भाव, प्राप्ति २. खास खोज वा अध्ययनबाट प्राप्त सफलता वा निष्कर्ष ३.अनुभूति, ज्ञान ४. बुद्धि हो (नेबृशको, २०७२) । यस आधारमा सिकाइ उपलब्धि भनेको कुनै पनि विषयवस्तुमा विभिन्न क्रिया वा प्रक्रिया तथा अध्ययन गरी आफूमा सम्बन्धित विषयवस्तुका बारेमा अनुभूति जगाउनु अथवा ज्ञान बढाउनु वा त्यस ज्ञानलाई व्यवहारमा प्रयोग गरी सफलता प्राप्त गर्नु हो । विद्यालयमा सिकाइ गर्नका लागि आउने विद्यार्थी र शिक्षणका लागि आउने शिक्षक दुवैको सक्रिय सहभागितामा शिक्षण कार्य सफल र उद्देश्यपूर्ण हुने देखिएको हुँदा यस अध्ययनलाई बनेपा नगरपालिकाका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थी र शिक्षकका गतिविधिसँग मात्र केन्द्रित बनाइएको छ । स्थलगत अध्ययनका क्रममा नमुनाका रूपमा रहेका १०/१० जना शिक्षक र विद्यार्थीलाई फरक फरक प्रश्नावली दिएर उनीहरूबाट प्राप्त तथ्याङ्कलाई निम्नानुसार प्रस्तुत गरिएको :

**शिक्षकद्वारा प्राप्त तथ्याङ्क**

तालिका १

| क्र. सं. | प्रश्न | विकल्प १ प्रतिशत | विकल्प २ प्रतिशत | विकल्प ३ प्रतिशत | विकल्प ४ प्रतिशत |
|---|---|---|---|---|---|
| १ | नेपाली विषयप्रति विद्यार्थीको रुचि कस्तो छ ? | उत्तम (० %) | अत्युत्तम (२०%) | न्यून (०%) | अतिन्यून (८०%) |
| २ | नेपालीमा गृहकार्य नगर्ने विद्यार्थीको सङ्ख्या कति छ ? | उच्च (० %) | अत्युच्च (० %) | न्यून (० %) | अतिन्यून (१०० %) |
| ३ | शिक्षण पूर्व पाठयोजना बनाउनुहुन्छ ? | सधैँ (२० %) | कहिलेकाहिँ (५० %) | बनाउँदिनँ (१० %) | आवश्यक छैन( २० %) |
| ४ | नेपाली विषयमा कमजोर विद्यार्थीको अभिभावकलाई विद्यार्थीको कमजोरीको जानकारी गराउनुहुन्छ ? | गराउँछु (८० %) | गराउँदिन (२० %) | | |
| ५ | नेपाली विषयमा कम अङ्क आउनुमा कसको लापारवाही छ ? | विद्यार्थीको र प्रसासकको (१० %) | शिक्षकको (० %) | अभिभावकको (१० %) | सबैको (८० %) |
| ६ | अतिरिक्त कक्षाको व्यवस्था छ ? | छ(२० %) | छैन (८० %) | | |
| ७ | विद्यालयले शिक्षण तालिम दिन्छ ? | कहिलेकाहिँ (८० %) | दिँदैन (२० %) | | |
| ८ | नेपाली विषयमा शतप्रतिशत नम्बर दिनुहुन्छ ? | चलन छैन (३० %) | दिन मिल्दैन (३० %) | दिन्छु (२० %) | स्पष्टिकरणको आवश्यक पर्नाले दिन्नँ (२० %) |

तालिका १ अनुसार माध्यमिक तहमा अध्यापनरत शिक्षकबाट प्राप्त तथ्याङ्कअनुसार नेपाली विषयप्रति रुचि हुने विद्यार्थीको सङ्ख्यालाई हेर्दा सबैभन्दा बढी ८० प्रतिशत विद्यार्थीले अतिन्यून रुचि देखाएको पाइन्छ । उक्त तथ्याङ्कअनुसार उपलब्धि कम आउनुमा विद्यार्थीको रुचि पनि महत्त्वपूर्ण कारण देखिएको छ । त्यस्तै गृहकार्य नगर्नेको सङ्ख्या शून्य (१००%) रहेको देखिन्छ । पाठयोजना निर्माण गरी कक्षामा जानुपर्ने नीति भए पनि प्राप्त तथ्याङ्कअनुसार पाठयोजना निर्माण गरी कक्षा कोठामा जाने शिक्षकको प्रतिशत ५० मात्र, आवश्यक नठान्नेको प्रतिशत २० र योजना आवश्यक नठान्नेको प्रतिशत १० पाइएको छ । कमजोर विद्यार्थीका अभिभावकलाई सम्पर्क गरी विषयगत कमजोरीका सम्बन्धमा जानकारी गराउनेको सङ्ख्या ८० % र बाँकी २० प्रतिशतले जानकारी नगराउने गरेको पाइन्छ । विद्यार्थीको

उपलब्धि कम हुनुमा विद्यार्थी, अभिभावक, शिक्षक तथा प्रसासन पक्षको कमजोरी देखिन्छ । यसमा प्रसासकको लापारवाही देखाउनेमा १० %, चौतर्फी लापारवाही देखाउनेमा ८०%, अभिभावकको कमजोरी देखाउनेमा १० % देखिन्छ भने शिक्षकको लापारवाही देखाउने विद्यार्थीको सङ्ख्या न्यून पाइएको छ । त्यस्तै शिक्षण तालिमको निरन्तरता सम्बन्धी प्रश्न सोध्दा ८० % ले शिक्षणमा तालिम कहिलेकाहीँ लिएको र बाँकी २० % ले तालिमको आवश्यकता महसुस नगरेको पाइएको छ ।

**विद्यार्थीद्वारा प्राप्त तथ्याङ्क**

तालिका २

| क्र.स. | प्रश्न | विकल्प १ प्रतिशत | विकल्प २ प्रतिशत | विकल्प ३ प्रतिशत | विकल्प ४ प्रतिशत |
|---|---|---|---|---|---|
| १ | नेपाली विषयमा कम अङ्क आउनुको कारण के होला ? | मेरो लापारवाही (७० %) | पढाएको नबुझिएर (० %) | अन्य विषयलाई बढी महत्त्व दिएर(१० %) | गाह्रो भएर (२० %) |
| २ | घरमा कति समय नेपाली विषयलाई दिनुहुन्छ ? | गृहकार्य गरुन्जेल (४० %) | अरूको गृ. का. सकेपछि एकछिन (५० %) | समय दिन भ्याउँदिनँ (१० %) | अरू विषयको भन्दा बढी (० %) |
| ३ | गृहकार्यका लागि कसको सहयोग लिनुहुन्छ ? | अभिभावक (१० %) | गुगल (१० %) | साथी (१० %) | आफैँ गर्छु (७० %) |
| ४ | नेपाली विषयलाई कम महत्त्व दिनुको कारण के होला ? | भविष्यमा कम प्रयोग हुने हुनाले (७० %) | महत्त्व नबुझेर (३० %) | डाक्टर इन्जिनियर जस्ता पेसाका लागि आवश्यक नपर्नाले (० %) | बढी अङ्क ल्याउन नसकिने हुनाले (० %) |

तालिका २ अनुसार विद्यार्थीको विचारमा नेपाली विषयमा सिकाइ उपलब्धि कम हुनुका कारणहरू पत्ता लागाउने उद्देश्यले नमुनाका रूपमा रहेका विद्यार्थीलाई ४ ओटा प्रश्न सोधिएका थिए । जस अन्तर्गत नेपाली विषयमा कम अङ्क आउनुका कारणहरू के होलान् भनी सोधिएको प्रश्नमा ७० % ले विद्यार्थी स्वयम्को लापारवाही, पढाएको नबुझिएको भन्नेमा शून्य प्रतिशत, अन्य विषयलाई बढी महत्त्व दिनेहरूमा १०% र गाह्रो भएर भन्नेहरूमा २० % विचार प्रस्तुत भएको देखिन्छ । यसरी हेर्दा विद्यार्थीले पढाएको नबुझिएर भन्दा पनि उनीहरूकै लापारबाहीका कारणले उपलब्धि कम भएको कुरा तथ्याङ्कमा देखिएको छ । यसैगरी घरमा दिइने समय सोधिएको प्रश्नमा अरूको गृहकार्य सकेपछि एकछिन प्रयोग गर्नेमा ५० %, गृहकार्य गरुन्जेलमा ५० %, अरू विषयको भन्दा बढी समय दिनेमा शून्य प्रतिशत रहेको छ । यसप्रकार धेरै विद्यार्थीले घरमा पनि अरू विषयको गृहकार्य सकेपछि नेपाली विषयका लागि समय

दिने, अन्यथा गृहकार्य गरुन्जेलसम्म मात्र समय दिने गरेको पाइएको छ । विद्यार्थीहरूले अरू विषयलाई बढी समय दिने गरेको कुराले नेपाली विषय प्राथमिकतामा नरहेको देखिन्छ । यसैगरी गृहकार्य गर्दा लिइने सहयोग बारे प्रश्न गर्दा आफैँ गर्नेमा ७० %, गुगल १०%, अभिभावक १० %, साथी १०%, देखिनुले बढी विद्यार्थीले गृहकार्य आफैँ गर्ने गरेको पाइएको छ भने गुगल, अभिभावक र साथीबाट सहयोग लिई गर्नेको सङ्ख्या भने समान रहेको देखिन्छ । यसैगरी अन्य विषयका तुलनामा नेपाली विषयलाई कम महत्त्व दिनुका कारण खोजी गर्दा भविष्यमा कम प्रयोग हुने ७० %, महत्त्व नबुझेर ३०% र अन्य दुई विकल्पको उपलब्धि शून्य देखिनुले बढी विद्यार्थीले भविष्यमा कम प्रयोगमा आउने हुनाले नेपाली भाषालाई कम महत्त्वको दिएको पाइयो ।

**निष्कर्ष**

नेपाली विषयमा विषयगत उपलब्धि वृद्धिका लागि शिक्षक, विद्यार्थी, अभिभावक तथा प्रशासन चारै पक्षमा कमजोरी देखिएको छ । मुख्यतः विषयवस्तुमा विद्यार्थीको रूचि जगाउनका लागि कक्षामा प्रवेश गर्नुपूर्व तयारी नगर्ने र विद्यार्थीले लेखेका सही उत्तरमा उच्चतम अङ्क दिई झमेलामा फस्न नचाहने शिक्षकजन्य कमजोरी देखिएका छन् । त्यस्तै नेपाली विषयको महत्त्व नबुझी आफूलाई भविष्यमा कम प्रयोगमा आउने ठानी अन्य विषयका तुलनामा कम समय दिने विद्यार्थीसँग सम्बन्धित समस्या वा कमजोरी पाइएका छन् । यसै गरेर नेपाली विषयमा आफ्नो बच्चा कमजोर छ भन्ने जानकारी विद्यालयबाट पाउँदा पनि घरमा सो विषयका लागि थप समय दिनका लागि प्रोत्साहित नगर्ने र नेपाली विषयका लागि अतिरिक्त कक्षामा राख्न नचाहने अभिभावकतर्फका कमजोरी देखिएका छन् । यसरी नै भाषा विषयमा विद्यार्थी उपलब्धि बढाउनका लागि समय समयमा शिक्षक तालिम तथा पुनर्ताजगी तालिम र कमजोर विद्यार्थीलाई अतिरिक्त कक्षाको व्यवस्था गर्नुपर्ने कार्यमा प्रशासकको चासो कम देखिनु पशासनिक पक्षका कमजोरी देखिएका छन् । अतः यस अध्ययनबाट नेपाली विषयमा विद्यार्थीको उपलब्धि वृद्धि गर्नका लागि उल्लेखित अभिभावक, विद्यार्थी, शिक्षक तथा प्रशासन सचेततापूर्वक शैक्षणिक योजना बनाई कार्यान्वयन गर्ने हो भने नेपाली विषयको सिकाइ उपलब्धि प्रभावकारी बनाउन सकिन्छ ।

*(यस लेखको विज्ञ-समीक्षा उप-प्रा. उमेश काफ्ले, त्रिभुवन विश्वविद्यालयद्वारा गरिएको हो ।)*

## ***सन्दर्भ सूची***

खरेल, देवीप्रसाद (२०७५), नेपाली भाषामा सिकाइका समस्या, शिक्षक मासिक, वर्ष ८, अङ्क ११ पृ.१ ।

ढकाल, सान्तिप्रसाद (२०६६), सामान्य भाषाविज्ञान, काठमाडौँ : स्थापित प्रेस ।

त्रिपाठी, वासुदेव, दाहाल, बल्लभमणि, पराजुली, कृष्णप्रसाद, शर्मा, गोपीकृष्ण, भट्टराई, हर्षनाथ (सम्पा.) (२०७२), *नेपाली बृहत् शब्दकोश* (सातौँ संस्क.), काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

थापा, दिनबहादुर(२०७१), सामाजिक तथा मनोभाषाविज्ञान, काठमाडौँ : स्प्रिन्टर बालाजु।

धामी, श्यामसिंह, त्रिवाठी, शिवराज, बन्जारा, शर्मिला, शर्मा, प्रेमराज, के. सी., मुकुन्द, भट्टराई, रेणुकान्त, मानन्धर, प्रकाश...तिमल्सिना, सुमन(२०७७), हाम्रो बनेपाः हाम्रो गौरव, बनेपा : बनेपा नगरपालिका शिक्षा साखा ।

नेपाल सरकार (२०७८), *राष्ट्रिय जनगणना-२०७८,* काठमाडौँ : केन्द्रीय तथ्याङ्क विभाग ।

पौडेल, माधवप्रसाद(२०७६), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन ।

भण्डारी, पारसमणि, पौड्याल, सालिकराम (२०७३), सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।